जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

आर्थिक वर्षः २०८३/०८४
मितिः २०८३/०५/१८
बैठक नं. २

आज मिति २०८३/०५/१८ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको दोस्रो बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम, थर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | श्री जमुना कुमारी बोहरा | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | श्री जगत बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४ | श्री बिर बहादुर दर्लामी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री नविन ओझा | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य | |
| ६ | श्री नन्द राज भट्ट | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ७ | श्री ध्वज बहादुर देउवा | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ८ | श्री गणेश बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ९ | श्री ईन्द्रा देवी ओली | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री खगिता वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री पम्पा देवी थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री खिमा देवी कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लाल बहादुर सार्की | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री सविना वि.क. | कार्यपालिका सदस्य | सदस्य | सविता |
| १५ | श्री गणेश दत्त भट्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | श्री चन्द्र सिह ऐडी | अधिकृत सातौं | - | |
| २ | | | | |

**जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०५/१८ मा बसेको बैठकको प्रस्ताव र निर्णय**

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो बैठकको समीक्षा सम्बन्धमा। | यसअघि मिति २०८३/०४/१५ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। |
| २ | वार्षिक समीक्षा बैठक सम्बन्धमा। | यस जोरायल गाउँपालिका अन्तर्गत गत आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित स्वीकृत नीति, बजेट, वार्षिक कार्यक्रम तथा आय-व्ययको भौतिक एवं वित्तीय प्रगति समीक्षा गर्न र चालू आर्थिक वर्षको कार्यदिशा तय गर्न वार्षिक समीक्षा बैठक मिति २०८३।०५।२५ गते आयोजना गर्ने निर्णय गरियो। |
| ३ | सामाजिक परीक्षण सम्बन्धमा। | गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण र बजेट कार्यान्वयनमा पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न आर्थिक वर्ष २०८२/०८३ को सामाजिक परीक्षण मिति २०८३।०५।२६ गते सञ्चालन गर्ने निर्णय गरियो। |
| ४ | उद्धार, राहत तथा पुनःस्थापना सहयोग सम्बन्धमा। | मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी-त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण भएको ठूलो धनजनको क्षतिप्रति जोरायल गाउँपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। बाढी विपद्का कारण ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।<br>यस प्राकृतिक विपद्को कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी तपसिल बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो:<br>**तपसिलः**<br>**(१) विपद व्यवस्थापन कोषबाट**<br>⇒ जोरायल गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषबाट रु.२,५५,५५५।०<br>**(२) जनप्रतिनिधिहरुको तर्फबाट**<br>⇒ सम्पूर्ण जनप्रतिनिधिहरुको सेवा सुविधाबाट १५ दिनको सेवासुविधा बराबरको रकम<br>**(३) कर्मचारीहरुको तर्फबाट**<br>⇒ अधिकृतस्तरका कर्मचारीहरुको ७ दिन, सहायकस्तरका कर्मचारीहरुको ५ दिन र श्रेणीविहिन कर्मचारीहरुको २ दिनको तलब बराबरको रकम<br>**(४) शिक्षकहरुको तर्फबाट**<br>⇒ माध्यमिक प्रथम श्रेणीका शिक्षकको १० दिन, माध्यमिक द्धितीय श्रेणी/निम्न माध्यमिक प्रथम श्रेणी/माध्यमिक तृतीय श्रेणी/निम्न माध्यमिक द्धितीय श्रेणी/प्राथमिक प्रथम श्रेणीका शिक्षकको ७ दिन, निम्न माध्यमिक तृतीय श्रेणी/प्राथमिक द्धितीय श्रेणी/प्राथमिक तृतीय श्रेणीका शिक्षकको ५ दिन र विद्यालय कर्मचारी/बालविकास सहजकर्ता/सहयोगी कर्मचारीहरुको २ दिनको तलब बराबरको रकम |
| ५ | विपद संवेदनशील सामाजिक सुरक्षा योजना सम्बन्धमा। | जोरायल गाउँपालिकामा विपद्का समयमा जोखिममा रहेका समुदायलाई लक्षित गरी विपद् पूर्वतयारी देखि प्रतिकार्य तथा पुनर्स्थापनासम्म सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी, समावेशी तथा प्रमाणमा आधारित बनाउने उद्देश्यले तयार गरिएको "जोरायल गाउँपालिकाको विपद् संवेदनशील सामाजिक सुरक्षा योजना (२०८३–२०८७)" माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०५/१८ मा बसेको बैठकको प्रस्ताव र निर्णय

| | | |
|---|---|---|
| ६ | तरकारी मिनिकिट वितरण सम्बन्धमा। | जोरायल गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "सिजन अनुसारका तरकारी उन्नत सिड किट वितरण कार्यक्रम" सञ्चालन गर्ने सम्बन्धमा लक्षित वर्गका घरधुरीहरूलाई उन्नत तरकारीका बीउमा पहुँच पुऱ्याई घरायसी तरकारी उत्पादन तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउने उद्देश्यले जोरायल गाउँपालिका क्षेत्रभित्र रहेका विपन्न वर्ग, सीमान्तकृत, दलित तथा न्यून आयस्तर भएका लक्षित घरधुरीहरूलाई प्राथमिकतामा राखी न्यूनतम शुल्क प्रति व्यक्ति रु. २०/- (अक्षरेपी बीस रुपैयाँ मात्र) का दरले हिउँदे, बसन्ते र वर्षे गरी तीनवटै मौसममा आवश्यक पर्ने उन्नत तरकारीको मिनिकिट वितरण गर्न आवश्यक प्रक्रिया पूरा गरी जोरायल गाउँपालिका कृषि विकास शाखालाई कार्यक्रम अगाडि बढाउन निर्णय गरियो। |
| ७ | हवाई टिकट खर्च भुक्तानी सम्बन्धमा। | रोजगारीको सिलसिलामा रसुवा पुगेका यस जोरायल गाउँपालिका वडा नं. ५, गडसेराका खडक रजवार, दुरन सेटी, मनोज सेटी र हिक्मत सेटी मिति २०८३/०५/१० गते रसुवाको भोटेकोशी-त्रिशुली नदीमा आएको भीषण बाढीका कारण अलपत्र परी सम्बन्धित कम्पनीको सहयोगमा काठमाडौँमा रहेका निजहरूलाई गाउँपालिकाको पहल तथा जिल्ला प्रशासन कार्यालयको समन्वय र सहजीकरणमा काठमाडौँबाट धनगढीसम्म सुरक्षित रूपमा ल्याइएको हुँदा निजहरूको काठमाडौँदेखि धनगढीसम्मको हवाई टिकट बापतको खर्च रकम रु.४३,२००/- गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो। |
| ८ | GPS र Oil Tracker खरिद सम्बन्धमा। | गाउँपालिकाका सवारी साधनहरूको सञ्चालन, इन्धन खपत तथा प्रयोगको प्रभावकारी अनुगमन र नियन्त्रणका लागि आवश्यक GPS तथा Oil Tracker खरिद गर्न चालु आ.व. २०८३/०८४ को स्वीकृत बजेट अन्तर्गत भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट रु. ३,००,०००।– (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो। उक्त सामग्री प्रचलित कानून बमोजिम खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |
| ९ | टिकट काउण्टर निर्माण सम्बन्धमा। | जोरायल गाउँपालिका–२ अन्तर्गत रहेको छहरा झरना स्थलको पार्किङ व्यवस्थापन तथा पार्किङ शुल्क संकलन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन पार्किङ स्थलको प्रवेशद्वारमा टिकट काउण्टर निर्माण गर्नुपर्ने भएकोले उक्त कार्यका लागि चालु आ.व. २०८३/०८४ को भैपरी आउने पूँजीगत खर्चबाट आवश्यक रकम विनियोजन गरी प्रचलित कानून बमोजिम निर्माण कार्य अघि बढाउने निर्णय गरियो। |
| १० | कृषि सडक स्तरोन्नतिका लागि बजेट विनियोजन सम्बन्धमा। | यस जोरायल गाउँपालिका वडा नं. ४ अन्तर्गत पर्ने विस्तृत परियोजना प्रतिवेदन सम्पन्न भइसकेको बाँझिलेक-गुएली कृषि सडक हाल जीर्ण अवस्थामा रहेकाले सवारी साधन आवतजावतमा कठिनाई हुनुका साथै यस जोरायल क्षेत्रमा प्रख्यात रहेको बासमती धान, तरकारी तथा अन्य कृषि उपजहरू समयमै बजारसम्म पुऱ्याउन समस्या भई कृषकहरूले उचित मूल्य पाउन नसकेको अवस्था छ। तसर्थ, उक्त सडकको स्तरोन्नति भई सहज यातायात सञ्चालन हुन सकेमा स्थानीय कृषकहरूको उत्पादनले सहज बजार पहुँच पाउने, बजारीकरणमा समेत ठूलो सहयोग पुग्ने, आर्थिक रूपमा प्रत्यक्ष फाइदा पुग्ने र समग्र क्षेत्रको विकासमा टेवा पुग्ने देखिएकाले, उक्त बाँझिलेक-गुएली कृषि सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि आवश्यक बजेट विनियोजन गरिदिन कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौँलाई अनुरोध गर्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ११ | RHVAP कार्यक्रम क्लष्टर छनौट तथा कार्यान्वयन सम्बन्धमा। | गाउँपालिकाको पूर्व निर्णय अनुसार पहिलो चरणमा वडा नं. ३, ४ र ६ मा सञ्चालित RHVAP कार्यक्रम अन्तर्गत PAP बैठकबाट तय गरिएका तपसिल बमोजिमका बालीवस्तु र टोलहरूमा कार्यक्रम कार्यान्वयन अघि बढाउने निर्णय भएकोले सो अनुसार कार्यक्रम निर्देशिकाको तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी क्लष्टर छनौट गर्न कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयहरूसँग आवश्यक समन्वय गरी प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। |

तपसिलः

| क्र.सं. | वडा नं. | प्राथमिकता प्राप्त बालीवस्तु | स्थान |
|---|---|---|---|
| १ | ३ | जोरायल बासमती, अदुवा बेसार, बाख्रापालन | लस्कर, भाडी, रावतकट्टे, नवलपुर, सुगाल, चनकट्टे, तडा, सिमलखेत, कोला, अवस्थीगाउँ, अल्याडी, गडाखर्क, ठुल्दुङ्गा, सलाडी, ठाटीगाडा, कनेडी, बरम, थली, पुर्खे |
| २ | ४ | जोरायल बासमती, अदुवा बेसार, बाख्रापालन | सिलङ्गीबाग, पिपलकोट, घनरास, भजना, थली, क्याम्पसरोड, हाट(वल्ली र पल्ली), जिजिकोट, काफली, गोल्ला, गाजरी, खैगाड, ठुली खैगाड, चुचुनढुङ्गा, सिराड, देउथला, शान्तिनगर, ऐतोडा |
| ३ | ६ | अदुवा, बाख्रापालन, फलफूल | निरौली, गावर, बसौटी, सिर्पि, गुनड, बगिडा, कस्ताडी, दाङड, जडेपानी, दह, खतेना, सितोली, डाडागाउँ, चिमेतडा, तेलपरा, लमौते, सिरोडा, अनरकट्टे |

| | | |
|---|---|---|
| १२ | आर्थिक सहायता सम्बन्धमा। | विभिन्न चोटपटक, दुर्घटना तथा गम्भीर प्रकृतिका रोगका कारण उपचाररत तथा आर्थिक अवस्था कमजोर भई दैनिक जीवनयापनमा समेत कठिनाइ भोगिरहेका यस जोरायल गाउँपालिकामा बसोबास गर्ने तपसिलका व्यक्तिहरूलाई आर्थिक सहायता स्वरूप तपसिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो। उक्त आर्थिक सहायता रकम गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक बजेट अन्तर्गत "सामाजिक सहायता" खर्च शीर्षक नं. २७२१९ बाट उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |

तपसिलः

| क्र.सं. | नाम थर | ठेगाना | रोग/चोटपटकको विवरण | रकम (रु.) |
|---|---|---|---|---|
| १ | कटैनी देवी वादी | जोरायल-०३, रावतकट्टे | निजको छोरा दिनेश वादीको भारतमा काम गर्ने सिलसिलामा मोटरसाइकल दुर्घटनामा भई आइसियुमा उपचार भएको | ७,०००/- |
| २ | मेघा बुढा | जोरायल-०३, नवलपुर | घाँस काट्ने क्रममा अचालक लड्न गई हात भाँचिएकोले अप्रेसन गरेको | ७,०००/- |
| ३ | दिल बहादुर दमाई | जोरायल-०१, खार | निजको छोरा बिरामी भई अस्पतालमा उपचार गराइराखेको | ७,०००/- |
| ४ | कसुवा सार्की | जोरायल-०३, रिठारा | निजको श्रीमती बेलमती देवी सार्कीको हातको पाखुराको अप्रेसन गर्नुपर्ने | ७,०००/- |

| | | |
|---|---|---|
| १३ | सडक सुचारु गराउन अनुरोध गर्ने सम्बन्धमा। | पूर्वाधार विकास कार्यालय, डडेल्धुरा मार्फत ठेक्का भई निर्माणाधीन बुडर-जोरायल र चनकट्टे-गडसेरा सडक खण्डमा वर्षातका कारण पहिरो गई यातायात सेवा अवरुद्ध भएको छ। जसका कारण सर्वसाधारणको आवतजावत तथा आपत्कालीन सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकोले, पहिरो हटाई बाटो सुचारु गराउन निर्माण व्यवसायी परिचालन गरिदिन पूर्वाधार विकास कार्यालय, डडेल्धुरालाई अनुरोध गरी पत्र पठाउने सर्वसम्मत निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १४ | उपचार खर्च सम्बन्धमा। | यस जोरायल गाउँपालिका वडा नं. ४ जिजिकोट स्थायी बसोबास भएका श्री सुरत बोहरा र गौमती बोहरा को छोरा वर्ष १० को श्री महेश बोहरा (जन्मदर्ता प्रमाणपत्र नं. १००२५६) को बोन टि.भि. भई भारतको लखनउ सर्जिकल अस्पतालमा भर्ना भई उपचार भइरहेकोमा उपचार खर्च बढी लाग्ने र उपचारका लागि पारिवारिक आर्थिक अवस्था निकै कमजोर रहेको हुँदा निजलाई उपचारको लागि गाउँपालिकाको बाल संरक्षण कोषबाट रु.२५,०००।० सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| १५ | गाउँ शिक्षा योजना अद्यावधिक सम्बन्धमा। | गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था, आवश्यकता तथा प्राथमिकताका आधारमा विद्यमान १० वर्षे गाउँ शिक्षा योजना (२०७८-२०८७) को मध्यावधी समीक्षा सहित अद्यावधिक गर्ने कार्यको लागि तपसिल बमोजिमको योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो।<br>**तपसिलः**<br>(१) संयोजकः श्री तेज बहादुर खत्री (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)<br>(२) सदस्यः श्री पदम राज उपाध्याय (शिक्षक, घण्टेश्वर मा.वि.)<br>(३) सदस्यः श्री अमृत कुमार ओली (अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा) |
| १६ | योजना माग सम्बन्धमा। | सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रममा यस गाउँपालिकाको आवश्यकता तथा प्राथमिकताका आधारमा तपसिलका योजना तथा कार्यक्रमहरू समावेश गरी आवश्यक बजेट विनियोजनका लागि सम्बन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो। |

**सुदूरपश्चिम प्रदेश सरकारसंग माग गर्ने योजना तथा कार्यक्रमहरुको विवरण**

**१. सडक योजनाहरु:**

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | जोरायल मणिपुर घोरडी गैरा सडक | ४ र १ | ११ | थलि देउथला सडक | ४ |
| २ | गैरा मुडभरा सडक | १ | १२ | देउथला बनमटेला सडक | ४ |
| ३ | गोगनपानी झुरकाँडा कफलडाँडा सडक | १ | १३ | मल्लो सिराड सडक | ४ |
| ४ | बाँझिलेक कमलानदी फल्टुडे सडक | २ | १४ | खैगाड ओखडानी सडक | ४ |
| ५ | भिमदत्त पन्त स्मृति सडक | २ | १५ | सेरा बोकडा अमौन सडक | ५ |
| ६ | देउजाल धारापानी सडक | २ | १६ | मुड्यौल खतेडा चाकाकेदार सिस्मडा बरलगाउँ सडक | ५ |
| ७ | जोरायल अल्याडी शिखर मुडभरा पर्यटकीय सडक | ३ | १७ | खसरे देउथला जोरायल सडक | ६ र ४ |
| ८ | पुर्खे लामीताल बाटुलीताल पर्यटकीय सडक | ३ | १८ | खसरे पातल बडीकेदार सडक | ६ |
| ९ | जोरायल सहजपुर सडक | ४ | १९ | कफल्तडी दह सिस्मडा मन्नाकापडी सडक | ६ |
| १० | गोल्डेन तुसे पुरान बाँझिलेक सडक | १ | | | |

**२. खानेपानी योजनाहरु:**

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | गोगनको रुख साकिनडाँडा खानेपानी | १ | ७ | तलाल फलेडी खानेपानी | ४ |
| २ | गैरा लिफ्ट खानेपानी | १ | ८ | देउथला लिफ्ट खानेपानी | ४ |
| ३ | सेलागाउँ खानेपानी निर्माण | २ | ९ | नकुरडा खानेपानी | ५ |
| ४ | कनेडी फिरिङताल खानेपानी | ३ | १० | खतेना लिप्ट खानेपानी | ६ |
| ५ | सिलङ्गीबाग खानेपानी | ४ | ११ | तल्लो गुनड खानेपानी | ६ |
| ६ | बुङ्गेताल सिराड खानेपानी | ४ | | | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०५/१८ मा बसेको बैठकको प्रस्ताव र निर्णय

### ३. सिंचाई योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | तोलीखेत सिंचाई योजना | १ | १४ | साना सिंचाई निर्माण तथा मर्मत कार्यक्रम | सबै |
| २ | खारखेत सिंचाई योजना | १ | १५ | शाहुघाट भजना सिंचाई योजना | ४ |
| ३ | समैजा रावतकट्टे सिलङ्गीबाग न्वाडखेत सिंचाई | ३ र ४ | १६ | काफली खडिकखेत सिंचाई योजना | ४ |
| ४ | कालिछिल कुमलतडा नवलपुर सिंचाई | ३ | १७ | धनरास सिंचाई योजना | ४ |
| ५ | डडियाखेत सिंचाई योजना | ३ | १८ | पिचासमाडौं पिडाउरासी बालुवाखेत सिंचाई योजना | ४ |
| ६ | नौभरा भडारीखेत कोला सिंचाई योजना | ३ | १९ | गणेशाल बादी समुदाय सिंचाई योजना | ४ |
| ७ | नवलपुर सिंचाई योजना | ३ | २० | कपुरन्वाली सिंचाई योजना | ४ |
| ८ | बागेपथभारो सेला सिंचाई योजना | ३ | २१ | भजना सिंचाई योजना | ४ |
| ९ | गडाखर्क सिंचाई योजना | ३ | २२ | कुँडेलगाउँ सिंचाई योजना | ४ |
| १० | टाँटर सिंचाई योजना | ३ | २३ | खैगाड सिंचाई योजना | ४ |
| ११ | अल्याडी सिंचाई योजना | ३ | २४ | सेरा चौकी सिंचाई योजना | ५ |
| १२ | चौखडीखेत सिंचाई योजना | ४ | २५ | बन्द्धार सिंचाई योजना | ५ |
| १३ | शान्तिनगर लिफ्ट सिंचाई योजना | ४ | २६ | लमौत्य सिंचाई योजना | ६ |

### ४. तटबन्धन योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | डोडर सिमलखेत तटबन्धन | १ | ५ | खैरखोला तटबन्धन | ४ |
| २ | तोली खोला तटबन्धन | १ | ६ | गणेशाल खेत तटबन्धन | ४ |
| ३ | पत्तडा खोला तटबन्धन | २ | ७ | आरुखेत साउनेखोला गुनड तटबन्धन | ६ |
| ४ | भजना खेत तटबन्धन | ४ | | | |

### ५. विद्यालय योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | बागेश्वर आ.वि. बगस्ती २ कोठे भवन | ४ | ६ | जनप्रिय आ.वि. चौकी २ कोठे भवन | ५ |
| २ | धनरास आ.वि. २ कोठे भवन | ४ | ७ | नवोदय मा.वि. गडसेरा ४ कोठे भवन | ५ |
| ३ | घण्टेश्वर बहुमुखी क्याम्पस छात्राबास निर्माण | ४ | ८ | कृष्ण मा.वि. दह विद्यालय घेरबार | ६ |
| ४ | रघुनाथ मा.वि. निरौली ४ कोठे भवन | ६ | ९ | सौनक आ.वि. खार २ कोठे भवन | १ |
| ५ | रामपुर मा.वि. बुडर सांकेतिक भाषा तर्फको छात्रवास भवन | २ | १० | जगदम्बा आ.वि. छेपन्ना २ कोठे भवन | ४ |

### ६. स्वास्थ्य सेवा योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | छतिवन स्वास्थ्य चौकी सेवा विस्तार तथा जनशक्ति व्यवस्थापन | २ | ३ | लक्ष्मीनगर स्वास्थ्य चौकी घेरबार तथा बर्थिङ सेन्टर व्यवस्थापन | ४ |
| २ | निरौली स्वास्थ्य चौकी प्रसुतीगृह निर्माण | ६ | | | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०५/१८ मा बसेको बैठकको प्रस्ताव र निर्णय

### ७. धार्मिक तथा पर्यटकीय स्थल पूर्वाधार योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | छहरा झरना घेरबार तथा भौतिक पूर्वाधार निर्माण | २ | ६ | नकु गडौरी देवता झरना भौतिक पूर्वाधार निर्माण | ४ |
| २ | कफलकट्टेश्वर मन्दिर निर्माण बुडर | २ | ७ | महादेव मन्दिर फलेडी घेरबार तथा भौतिक पूर्वाधार निर्माण | ४ |
| ३ | मालिका मन्दिर भौतिक पूर्वाधार निर्माण | २ | ८ | भागेश्वर देवता मन्दिर निर्माण | ४ |
| ४ | शिव मन्दिर चनकट्टे घेरबार तथा भौतिक पूर्वाधार निर्माण | ३ | ९ | अन्नपूर्ण सिलिङ्गे समैजी देवता मन्दिर निर्माण, घेरबार तथा पदमार्ग निर्माण | ४ |
| ५ | कृष्णपादुका मन्दिर घेरबार तथा पदमार्ग निर्माण | २ | | | |

### ८. पुल (झोलुङ्गे तथा पक्की पुल) योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | पत्तडा खोला पक्की पुल निर्माण | २ | ४ | वासताल झोलुङ्गे पुल | ६ |
| २ | जारिमघाट पक्की पुल निर्माण | ६ | ५ | शिर्सीखेत झोलुङ्गे पुल | ६ |
| ३ | गोल्छी झोलुङ्गे पुल | ६ | | | |

### ९. कृषि योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | जोरायल बासमती चामल लेबलिङ प्याकेजिङका लागि उपकरण खरिद | ३ र ४ | ५ | उत्पादनमा आधारित सुन्तलाजात फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम | ६ |
| २ | एक वडा एक उत्पादन कार्यक्रम | सबै | ६ | बंगुर प्रवर्द्धन कार्यक्रम | २ |
| ३ | जैविक/प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम | सबै | ७ | व्यवसायिक बाख्रापालन कार्यक्रम | १ र २ |
| ४ | कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | सबै | | | |

### १०. उद्योग योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | जोरायल बासमती उद्योग स्थापना | ३ र ४ | ४ | सिस्नो प्रशोधन उद्योग स्थापना | ३ |
| २ | अल्लो प्रशोधन उद्योग स्थापना | १, ३, ४ | ५ | मसला प्रशोधन उद्योग स्थापना | ३ |
| ३ | आल्चा प्रशोधन उद्योग निर्माण | १ | | | |

### ११. भौतिक पूर्वाधार योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | बुडर र गैरा बजारमा फोहरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माण | १ र २ | ३ | शहरी सौन्दर्य तथा सार्वजनिक सुविधा पार्क निर्माण, क्याम्पसरोड | ४ |
| २ | बहुउद्देश्यीय खेलकुद भवन निर्माण, हाट | ४ | | | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत